खाँदवारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सङ्खुवासभा, खाँदवारी ।

कोशी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको विकी कर संकलन गर्ने सिल्बन्धि वोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः-२०८३/०६/०७**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) र यस प्रदेश आर्थिक ऐन,२०८३ को दफा ६ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, रोडा, ग्रावेल, बालुवा, भरौट तथा बलौट उत्खनन् गरी खाँदबारी नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र,मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्र/म्याद थप र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु साथै अन्य आवश्यक कागजातहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | सूचना नं. र बोलपत्र नं. | बोलपत्रको नाम | नदिजन्य समागीको किसिम | उत्खनन् परिणाम (घन मि.) | न्यूनतम बोलपत्र रकम(सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम कम्तिमा ७५ दिन म्याद भएको बैक जमानत वा नगद | बोलपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | KMO/SQ/RAJASWA/1/083/084 | अरुण सभा दोभान | ढुङ्गा | ३१२ | १५३८८०७.७६ | ४३४६७.१३ | रु १००० |
| | | | गिट्टी, रोडा, ग्रावेल | ६२३ | | | |
| | | | वालुवा | ५२९६ | | | |
| २ | KMO/SQ/RAJASWA/2/083/084 | अरुण खोला दोभान | ढुङ्गा | १९३ | ९५१७८३.८४ | २६८८०.०८ | रु १००० |
| | | | गिट्टी, रोडा, ग्रावेल | १९३ | | | |
| | | | वालुवा | ३४६८ | | | |
| ३ | KMO/SQ/RAJASWA/3/083/084 | लिडे वगर | ढुङ्गा | २९८.० | १४७२०५४.४७ | ४१५८५.५४ | रु १००० |
| | | | गिट्टी, रोडा, ग्रावेल | ८९४.१ | | | |
| | | | वालुवा | ४७६८.६ | | | |
| ४ | KMO/SQ/RAJASWA/4/083/084 | लम्सुवा बगर | ढुङ्गा | ५५९.४ | १३८१५९३.०२ | ३९०३०.३५ | रु १००० |
| | | | गिट्टी, रोडा, ग्रावेल | १११८.९ | | | |
| | | | वालुवा | ३९१६.१ | | | |
| ५ | KMO/SQ/RAJASWA/5/083/084 | लामी बज्गार | ढुङ्गा | ० | २३०६१३.७१ | ६५१५.६७ | रु १००० |
| | | | गिट्टी, रोडा, ग्रावेल | १४०.०१ | | | |
| | | | वालुवा | ७९३.८ | | | |
| ६ | KMO/SQ/RAJASWA/6/083/084 | झोलुङ्गे बगर | ढुङ्गा | ९५९.०० | १५७८७०१.६७ | ४४५९७.३४ | रु १००० |
| | | | गिट्टी, रोडा, ग्रावेल | १२७८.४८ | | | |
| | | | वालुवा | ४१५५.०६ | | | |
| ७ | KMO/SQ/RAJASWA/7/083/084 | चेवा वेशी र बेतिने बिचको बगर | ढुङ्गा | १२० | ५९४६७९.६८ | १६८०६.४० | रु १००० |
| | | | गिट्टी, रोडा, ग्रावेल | ३६१ | | | |
| | | | वालुवा | १९२७ | | | |
| ८ | KMO/SQ/RAJASWA/8/083/084 | हेलुवा बगर | ढुङ्गा | २५७.३२ | ३१७७४६.१४ | ८९७६.४० | रु १००० |
| | | | गिट्टी, रोडा, ग्रावेल | ३८५.९९ | | | |
| | | | वालुवा | ६४३.३२ | | | |
| ९ | KMO/SQ/RAJASWA/9/083/084 | होक्से जाने मुनिबाट हेवा सभा दोभान | ढुङ्गा | २०२९.५ | १००२४१०.६४ | २८३१८.१० | रु १००० |
| | | | गिट्टी, रोडा, ग्रावेल | १६२३.६ | | | |
| | | | वालुवा | ४०५.९ | | | |
| १० | KMO/SQ/RAJASWA/10/083/084 | ल्याण्डफिल साईट मुनिको बगर | ढुङ्गा | २१६.८१ | ५३५४३३.९७ | १५१२६.०१ | रु १००० |
| | | | गिट्टी, रोडा, ग्रावेल | १३००.८६ | | | |
| | | | वालुवा | ६५०.४३ | | | |
| ११ | KMO/SQ/RAJASWA/11/083/084 | बेतिने बगर | ढुङ्गा | ९४.१५ | २३२५१२.८४ | ६५६८.४८ | रु १००० |
| | | | गिट्टी, रोडा, ग्रावेल | १८८.३ | | | |
| | | | वालुवा | ६५९.०५ | | | |

ठेक्का सम्बन्धी शर्त तथा बन्देजहरु

१. फर्म वा कम्पनीले नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ / म्याद थप को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ,बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय खाँदबारीमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. २०८०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समयभित्र बोलपत्रदाताले खाँदबारी नगरपालिका कार्यालयबाट बोलपत्र फारम खरिद गर्नपर्नेछ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयमा वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। माथि उल्लेखित धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय खाँदबारीमा रहेको धरौटी खाता नं. २०८०१००३०३००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कमर्सियल बैंक वा फाइनान्सियल इन्टिच्युटबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ठेक्का खोलिने दिन बाट कम्तिमा ७५ दिनको म्याद सहित जारी गरिएको बिडवण्ड पेश गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सवै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं (२०८३/०६/१४) दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा पेश गरीसक्नु पर्नेछ।

४. एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन। रीत पूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १४:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधी, निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधीहरु समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन। उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता बापत ५० प्रतिशतले हुन आउने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंक वा फाइनान्सियल इन्टिच्युटबाट यस कार्यालयको नाममा २०८४ साल जेष्ठ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी(परफरमेन्स बोण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। साथै कबोल गरेको अंकको रकम एकमुष्ठ नगरपालिकालाई बुझाएमा १० प्रतिशत सम्म छुट दिइनेछ र बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३.% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

खाँदबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खाँदबारी, संखुवासभा कोशी प्रदेश, नेपाल २०५३

.............................
प्रमुख प्रशासकीय अधिकृत
खाँदबारी नगरपालिका कार्यालय

प्रमुख प्रशासकीय अधिकृत